☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

पत्र सङ्ख्या : ०७७/७८
च.नं. ४४८६

मिति : २०७८।०२।०५

**विषय :जानकारी सम्बन्धमा।**

श्री स्थानीय तह सबै,
नवलपरासी (बर्दघाट –सुस्ता पूर्व )।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०७८।०२।०४ को कोभिड-१९ को थप नयाँ भेरियन्ट पत्ता लागेको सम्बन्धी अपिल यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । व्यहोरा सोही अपिलबाट अवगत गर्नु भई निषेधाज्ञाको यस अवधिमा घर बाहिर ननिस्कन वडा,टोल तथा समुदायका सबैमा जानकारी गराइदिनु हुन र अति जरुरी परी घर बाहिर निस्कन पर्ने भएमा मास्क, सेनिटाइजरको प्रयोग र सामाजिक दुरी कायम गर्न सबैमा सूचना प्रवाह गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।

२०७८।०२।०५
(मोहन बहादुर थापा)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

सूचना प्र.शाखा
यस नगरपालिकाको सूचना नगरपालिकाको जानकारीका लागि सम्पूर्ण माइक मार्फत प्रचार प्रसार गरिदिने।
०८/०२/६



Scanned with CamScanner

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

.............................................शाखा।

फोन नं. ४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२
४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :-
चलानी नं. :-

मिति : २०७८ ज्येष्ठ ४

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

**विषय :- कोभिड १९ को थप नयाँ भेरियन्ट पत्ता लागेको सम्बन्धमा अपिल ।**

देशका विभिन्न भागबाट गत हप्ता संकलित कोभिड १९ संक्रमितहरुका ३५ वटा नमूनाहरुलाई विश्व स्वास्थ्य संगठनको समन्वयमा WHO identified centre of excellence in genomic sequencing CSIR-Institute of Genomics and Integrative Biology, India मा जिन स्विक्वन्सिग ( gene sequencing ) गरी आज प्राप्त नतिजा अनुसार ९७ प्रतिशतमा (३४ वटा) B.1.617.2 नयाँ भेरियन्ट र तीन प्रतिशतमा B.1.617.1 पुष्टि भएको छ । यससँगै हालसम्म नेपालमा यो परिवर्तित भाइरस सहीत तीन किसिमका भेरियन्ट रहेको पुष्टि भएको छ । विश्व स्वास्थ्य संगठनले २०२१ मे १० मा यो नयाँ भेरियन्टलाई विश्वव्यापी भेरियन्ट अफ कन्सर्न भनी घोषणा समेत गरी सकेको छ । हाल पत्ता लागेको नयाँ भाइरस सबै उमेर समूहमा धेरै संक्रामक र जोखिमपूर्ण रहेको अध्ययनहरुबाट पाइएको छ । त्यसैले संक्रमण रोक्न हामी सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डहरुको पालना गर्न गराउन भूमिका बढाउन सबैको जानकारीका लागि विनम्र अपिल गर्दछौं ।

..............................

डा. समिरकुमार अधिकारी

सह-प्रवक्ता

Scanned with CamScanner